# रामेछाप नगरपालिकाको नवौंनगर सभामा रामेछाप नगरपालिकाका

# उप प्रमुख श्री सृजना खड्काज्यूले पेश गर्नु भएको

# आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट

**रामेछाप नगरपालिका प्रमुख एवं यस सभाका सभाध्यक्ष महोदय,**

**नगर सभाका सदस्य ज्यूहरु,**

रामेछाप नगरपालिकाको नवौं नगरसभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक स्वागत गर्दछु। मुलुकको राष्ट्रियता, अखण्डता, सार्वभौमसत्ता, राष्ट्रिय स्वाधिनता, गणतन्त्र, संघीयता, स्वतन्त्रता तथा शान्ती र संबृद्धिका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु। मुलुकको लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नु हुने हाम्रा वीर पुर्खा तथा अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहान्छु।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारण हामी सबैले एकै पटक मानविय तथा आर्थिक संकट सामना गर्नु परेको छ।कोरोना भाईरस (कोभिड-१९) दोश्रो चरणको महामारीका कारण संघर्ष गर्दा गर्दै मृत्युवरण गर्नु हुने नगरवासी नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु, साथै कोरोना भाईरसबाट संक्रमित भई उपचाररत रहुन भएका सबै नगरवासी नागरिकहरुमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु। मानव स्वास्थ्य संकटका कारणले उत्पादन, व्यापार तथा लगानी सम्मको अवस्था प्रभावित भई अर्थतन्त्रमा समेत संकुचन आउने देखिएको छ।यस महामारीलाई रोकथाम तथा न्यूनिकरण गर्न अहिलेको प्रमुख चुनौतीको रुपमा रहेको छ। रामेछाप नगरपालिकाले पनि आफ्ना नगरवासी नागरिकहरुकालागि महामारीबाट बाच्न र बचाउन विभिन्न क्रियाकलापहरु संचालन गर्दै आएको छ र आगामी दिनमा समेत ति क्रियाकलापहरु नियमित रुपमा गर्नु पर्ने थप चुनौतिको रुपमा रहेको छ। कोभिड १९ को रोकथाम तथा उपाचारमा खटिनु हुने स्वास्थ्यकर्मीहरुको उच्च मुल्यांकनका साथ हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

संघीय र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने वित्तिय समानिकरण, सशर्त, समपुरक, विशेष तथा अन्य अनुदान र राजस्व एवं सवारी साधन कर बाडाफाँड बापत प्राप्त हुने रकमका साथै नगरपालिकाको आन्तरिक आय तथा विभिन्न श्रोतबाट नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम र अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त हुने रकमलाई न्यायोचित एवं समानुपातिक रुपमा विभिन्न योजना तथा कार्यक्रमहरुमा विनियोजन गरिएको छ यस वर्ष योजना तथा कार्यक्रम छनौट गर्दा कोरोना भाईरस (कोभिड-१९) दोश्रो चरण लाई उच्च प्राथमिकतामा

राखी स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागीता अभिबृद्धि गर्ने, स्थानीय राजस्व परिचालनमा प्रत्येक्ष योगदान पुऱ्याउने, लैंगिक समानता, सामाजिक समावेशिकरण अभिबृद्धि हुने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्येक्ष योगदान पुऱ्याउने, उत्पादनमुलक र छिटो प्रतिफल दिने, सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने, विपद व्यवस्थापन र वातावरण संरक्षणमा योगदान पुऱ्याउने, कृषि र पशुपालनलाई व्यवसायीकरण तथा आधुनिकिकरण गर्ने उद्यमशिलता विकास र तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग र समूहको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने किसिमका आयोजना तथा कार्यक्रमहरुलाई क्रमशः प्राथमिकता क्रम दिई रकम विनियोजन गरिएको छ।

पहिलो घोषणा अनुसार २०७२ मंसिर १६  मा रामेछाप, सुकाजोर र ओख्रेनी गरी ३ वटा गाविसहरु मिलाएर रामेछाप नगरपालिका घोषणा भएको थियो भने पछिल्लो पटक २०७३ साल फागुन २२गते थप ५ वटा गाविसहरु (साँघुटार, रामपुर, हिमगंगा, गोठगाँउ र देउराली) समेटेर हालको नगरपालिका गठन भएको हो।

यो नगरपालिका जिल्लाको ८ वटा पालिका मध्ये पुर्वी क्षेत्रमा पर्ने नगरपालिका हो जसले साविकका ८ वटा गाविसहरुलाई समेटेको छ। नगरपालिकाको पुर्वमा ओखलढुंगा जिल्ला, दक्षिणमा सिन्धुली जिल्ला, पश्चिममा रामेछाप जिल्लाको मन्थली नगरपालिका र उत्तरमा रामेछाप जिल्लाको मन्थली नगरपालिका तथा लिखु तामाकोशी गाँउपालिका रहेको छ। जिल्लाको सबै भन्दा होचो स्थान कोलन्जोरघाट ३६९ मी. देखी सवैभन्दा अग्लो स्थान रामेछाप नगरपालिका वडा नं. १ गोगने खराने शिरान २०९४ मि. रहेको छ। यो नगरपालिकामा साविकको गोठगाँउ, देउराली, साँघुटार, हिमगंगा, रामपुर, ओख्रेनी, सुकाजोर, रामेछाप गाविस समेटेर ९ वटा वडा बनेको छ।

यस नगरपालिकाको कुल क्षेत्रफल २०२.४५ वर्ग किलोमीटर रहेको छ। नगरपालिकामा रहेको ९ वटा वडा मध्ये क्षेत्रफलको आधारमा वडा नं ५ रामपुर ठुलो र वडा नं ९ ल्याङ्ग ल्याङ्ग सबै भन्दा सानो  रहेको छ भने घरधुरीको आधारले वडा नं ४ हिमगंगा बढि रहेको छ र कम घरधुरी वडा नं. ९ ल्याङ्ग ल्याङ्गमा रहेको छ। यो नगरपालिका खुल्ला दिसामुक्त र पुर्ण खोपयुक्त नगर समेत घोषणा भएको छ भने आगामी दिनमा बालमैत्री नगर घोषणा गर्ने लक्ष्य रहेको छ।

**सभाध्यक्ष महोदय,**

रामेछाप जिल्लामा घोषणा गरिएको सुख्खाग्रस्त क्षेत्रको साविकको १८ गाविस मध्ये यस नगरपालिका भित्रका ४ वटा गाविस यसमा पर्दछ। नगरपालिकाको जातजातिको घरधुरीको आधारमा हेर्ने हो भने मगर जाति पहिलो , क्षेत्री दोश्रो र नेवार तेश्रोमा रहेको छ। यस्तै गरि सवै भन्दा कम घरधुरी वादी जातिको रहेको छ जुन रामेछाप नगरपालिकाको वडा नं ९ मा मात्र ३ घर रहेको छ। यस नगरको मुख्य पर्यटकीय क्षेत्र भनेको पुष्पलाल जन्मेको स्थान भंगेरी, थानीडाँडा, केवलेश्वर महादेव, डुकुरसिंडाँडा, थलहरी डाडाँ, ताराखसे पोखरी, कालिका निशान भगवती मन्दिर, भालुखोप भ्यू टावर निमार्णाधिन, लोपोन्मुख हायू जातीको महाकाली देवी मन्दिर, १६ भगवति हिमगंगा, मानेडाडाँ, कालीदेवीस्थान, भीमसेन स्थान ल्याँङ्ग ल्याङ्ग लगायतका स्थानहरु रहको छन्।

प्राकृतिक रुपमा सुन्दर नगरपालिकाको आर्थिक, समाजिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपुर्ण केन्द्र तथा साविक रामेछाप जिल्लाको पुरानोसदरमुकाम अवस्थित यस रामेछाप नगरपालिकाको स्थानीय तह निर्वाचन२०७४ पश्चात् हुन गई रहेको नवौं नगर सभा मार्फत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म अत्यन्तै हर्ष विभोर भएको छु।

**सभाध्यक्ष महोदय,**

यस नगरको प्रथम नगर सभाले लिएको लक्ष्य **"कृषि, पर्यटन, सडक, खानेपानी हाम्रो पुर्वाधार, रामेछाप नगर विकासको दिगो आधार"** लाई आत्मसात गर्दै आर्थिक वर्ष २०७७/०७८ को संक्षिप्त प्रगति विवरणको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. चालु आ.व. २०७७/०७८ मा हाल सम्म चालु तर्फ ६७ प्रतिशत र पुँजीगत तर्फ ५४ प्रतिशत तथा कुल बजेटमा ६२ प्रतिशत प्रगति हासिल भएको छ।

२. नगर गौरवको योजना पुष्पलाल पार्क देखि कोलोञ्जोरघाटसम्म सडकको कुल २० कि.मि. मध्ये गत वर्ष ८ कि.मि. सडकको स्तरोन्नती गर्ने कार्य गरिएको बाँकी १२ कि.मि. मध्ये यस वर्ष ८ कि.मि. को सडक स्तरोन्नती नगरपालिकाको उपकरण प्रयोग गरि कार्य भई रहेको र आ.व. २०७८/०७९ मा उक्त सडकको बाँकी खण्डको स्तरोन्नती कार्य सम्पन्न गरिनेछ।

३. कोरोना भाईरस महामारीको दोश्रो चरणको संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि सचेतनामुलक सन्देश प्रकाशन तथा प्रशारण, संक्रमितहरु घर तथा स्वास्थ्य संस्थामा आईसोलेसनमा रहदा उनीहरुको मनोवल बृद्धिकालागि जनप्रतिनिधिहरुबाट सम्भव हुने स्थानमा आफै गएर तथा नहुने स्थानमा टेलिफोन मार्फत उचित सल्लाह र परामर्श दिनका साथै स्वास्थ्यकर्मीहरुबाट घरमा नै अति आवश्यक औषधि पुऱ्याउने र नियमित परामर्श दिईने कार्य गरिएको छ।

४. कोरोना महामारीका कारण संक्रमित नागरिकको व्यवस्थापनकालागि १० वटा आईसोलेसन र रामेछापमा २० तथा साँघुटार स्वास्थ्य चौकीमा १० गरि ३० वटा क्वारेन्टिनको व्यवस्था गरिएको छ।

५. नगरपालिकाका नागरिकहरुको लक्षणका आधारमा एन्टिजेन परिक्षण ४७६ तथा पिसिआर परिक्षणकालागि स्वाव संकलन ३९७ जनाको गरिएको र जिल्ला अस्पतालबाट १७ जनालाई थप उपचारकालागि सुविधा सम्पन्न अस्पतालमा रेफर गरिएको छ।

६. कोभिड-१९ को परिक्षण दायरा बढाउने, एन्टिजेन मार्फत तत्काल परिक्षण गर्न २०० थान एन्टिजेन खरिद गरिएको साथै संक्रमितलाई अक्सिजन अभाव हुन नदिन ५ वटा अक्सिजन सिलिण्डर र १० थान अक्सिजन कन्सट्रेटर खरिद गरि जिल्ला अस्पताल रामेछापमा प्रदान गरिएको छ।

७. संक्रमितहरु रहने आईसोलेसन कक्षमा डिसहोम सहितको टिभिको व्यवस्थापनका लागि प्रदान गरिएको छ।

८. कोभिड-१९ को संक्रमणबाट होम आईसोलेसनमा बसेका संक्रमितहरुलाई थप स्वास्थ्य समस्या हुँदा घर देखि जिल्ला अस्पताल सम्मर जिल्ला अस्पतालमा उपचार हुन नसक्ने अवस्थामा तत्काल सुविधा सम्पन्न अस्पतालसम्म पु-याउन उप-प्रमुखको सवारी साधानलाई समेत एम्बुलेन्स वनाई निःशुल्क एम्बुलेन्स सेवा पुऱ्याउने कार्य गरिदै आएको छ।

९. कोभिड-१९ को संक्रमितहरुलाई उपचारमा सहयोग पुऱ्याउन नगरपालिका अन्तरगतका ६ जना स्वास्थ्यकर्मिहरुलाई जिल्ला अस्पताल रामेछापमा खटाईएको र जिल्ला अस्पतालमा एम डि जि पि विशेषज्ञ डाक्टरको सेवा उपलब्ध गराउन सेवा सुविधा नगरकार्यपालिकाले दिने गरि निर्णय भएता पनि विशेषज्ञ सेवा प्राप्त हुन नसकेको र यस लाई आ.व. २०७८/०७९ मा समेत प्रयास गरिनेछ।

१०. कोभिड-१९ ले गर्दा गरिएको लकडाउनका कारण नगरबासीहरुमा खाद्य संकट हुन नदिन नियमित रुपमा स्थानीय उद्योग वाणिज्य संघ सँग समवन्य गरिएको र जिल्ला संकट व्यवस्थापन समितिले गरेको निर्णय अनुसार दैनिक उपभोग्य खाद्य सामाग्री बिक्री वितरणको लागि समय सिमा तोकि संचालनको व्यवस्था मिलाईएको छ।

११. स्वास्थ्यकर्मीहरुको मनोवल बृद्धिकालागि प्रोत्साहन कार्यक्रम संचालन गरिएको, नियमित औषधि खरिद तथा वितरणको कार्य निरन्तरता भई रहेको छ।

१२. नगरवासी नागरिक विविध कारणले घर आउन जान पर्नेमा लकडाउनका कारण समस्या हुँदा त्यस्तो कार्यमा सुरक्षा निकाय सँगको समन्वयमा आवश्यक सहजिकरणको कार्यहरु गरिएको छ।

१३. समुदाय केन्द्रित स्ट्रेचर कार्यक्रम अन्तरगत ४२ वटा खरिद गरि वितरण गर्न तयारी गरिएको, बावियाखर्क र थाक्ले गरि २ वटा नया शहरी स्वास्थ्य केन्द्र स्थापना भई संचालन, २ वटा शहरी स्वास्थ्य केन्द्रमा भवन निर्माण कार्य भई रहेको, हिमगंगा स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टरकोलागि कोठा थप निर्माण, लागत साझेदारीतामा गोठगाउ स्थीत स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टरको निर्माण कार्य सम्पन्न भई सेवा सुचारु भएको छ।

१४. आयुर्वेदिक औषधि प्रयोग गर्ने नागरिकहरुको सहजताकालागि रामेछाप नगरपालिकाको वडा नं. ७ सुकाजोरमा नागरिक आरोग्य सेवा केन्द्रको स्थापना भई संचालनमा रहेको छ।

१५. कृषि क्षेत्रको विकास तथा प्रवर्धनकालागि ५०% अनुदानमा ६ हजार ८ सय १० केजि धानको विउ वितरणबाट १ हजार ३ सय ६२ जना कृषक, कृषक समूहलाई २७ वटा हाते ट्रयाक्टर ५०% अनुदानमा वितरणबाट ४ सय कृषक,

जुनारमा औंसा किरा नियन्त्रणको लागि १ सय ८० लिटर प्रोटिन बेट विषादी निःशुल्क वितरण भई ५ सय कृषक लाभान्वित भएका छन् ।

१६. मकै बालीमा लागेको फौजी किरा नियन्त्रणका लागि कोब्रा विषादी २२ हजार पिस र राईनो झोल विषादि ४ हजार ६ सय बोतल निःशुल्क विषादी वितरण गरी मकै बाली संरक्षणको कार्य गरिएको र यस बाट ४ हजार ४ सय जना कृषक प्रत्येक्ष लाभान्वित भएका छन् ।

१७. नगरपालिका भित्रका ५६ हजार ४८ वटा पशुपन्छिहरुमा विभिन्न रोगको उपचार सेवा प्रदान गरिएको, विभिन्न वडाहरुमा रोग ग्रस्त क्षेत्रका २४ हजार ७ सय वटा बाख्राहरुलाई पिपिआर भ्याक्सिन, १ हजार ३ सय ४५ वटा कुकुरलाई रेविज विरुद्धको भ्याक्सिन लगाईएको, बाख्रापालन तालिम सबै वडा मा १ सय ७५ जना कृषकहरुलाई प्रदान गरिएको, सुत्केरी गाई भैंसी पोषण तथा स्याहार अनुदान कुल ७ सय ६ वटा लाई प्रदान गरिएको र पशु क्षेत्रको विकास र प्रवर्धनका लागि एक घर एक पशु बिमा कार्यक्रम अन्तरगत गत वर्ष देखि बाँकी रहेको वडा नं. ४ मा बिमाको कार्य भईरहेको छ र बाँकी वडाहरुमा निरन्तरता दिईनेछ ।

१८. राजस्व संकलनलाई चुस्त, दुरुस्त, प्रभावकारी र पारदर्शी बनाउने कार्यका लागि नगरकार्यपालिका तथा वडा कार्यालयहरुबाट सफ्टवेयर प्रणाली मार्फत राजस्व संकलनको कार्य प्रारम्भ भएको छ ।

१९. चालु आ.व.मा स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा स्वीकृत भएका योजनाहरुको निर्माण कार्य सम्पन्न भए पश्चात् स्थलगत अनुगमन गरी सुधार आवश्यक देखिएका योजनाहरुको सुझाव अनुसारको कार्यमा सुधार पश्चात् संझौता बमोजिमका रकमको भुक्तानी गर्ने कार्य सम्पन्न भएको छ । सम्पन्न हुन बाँकी अन्य योजनाहरुको निर्माण कार्य द्रुत गतिमा भई रहेको हुँदा सम्पन्न भए पश्चात् अनुगमन गरी निर्धारित समय भित्र नियमानुसार भुक्तानी हुने व्यवस्था मिलाईएकोछ । हाल सम्म संझौता भएका योजनाहरुको करिब ६० प्रतिशत भौतिक र ५० प्रतिशत वित्तिय प्रगति भएकोछ ।

२०. हिंसा र द्धन्द पिडित तथा असहाय, बेसहारा र एकल व्यक्तिहरुलाई लक्षित गरी निश्चित समयसम्मको व्यवस्थापनका लागि नगरपालिकाको योजना अनुसार रामेछाप बजारमा सेफ हाउसको निर्माण कार्य सम्पन्न हुने क्रममा छ भने आर्थिक वर्ष २०७८/०७९ मा यसको व्यवस्थापन गरिनेछ ।

२१. रामेछाप नगर क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीहरुबाट उत्पादित स्थानीय बस्तु तथा सामाग्रीहरुको बजारीकरण र बेच बिखनकालागि निर्माण गरिएको कोसेली घर संचालनको प्रक्रियामा रहेको छ ।

२२. गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट छनौट भएका वडा नं. ५ को माझीगाउ र वडा नं. ७ को विर्तामा ८१ जना लाई तालिम प्रदान गरि नया उद्यमी श्रृजना र वडा नं. १ गोठगाउ, वडा नं. ४ हिमगंगा, वडा नं. ६ होदिल र वडा नं. ८ लामागाउका उद्यमीहरुलाई स्तरोन्नती कार्यक्रम अन्तरगत थप सिप विकास तालिम र प्रविधि हस्तान्तरण ४० जनालाई प्रदान गरियो ।

२३. रामेछाप नगरपालिका न्यायिक समितिमा आ.ब.२०७७/०७८ मा दर्ता भएको र आ.ब.२०७६/०७७ मा वाँकी रहेका मुद्धा सख्या जम्मा ४८ थान रहेकोमा, हाल प्रतिवेदन पेश हुदाका वखत सम्म ३९ थान मुद्धा किनारा लागिसकेका छन भने वाकि ९ थान मुद्धा छलफलको क्रममा विचाराधिन रहेका छन् ।

२४. मुद्धा विशेषत गालीवेइज्ती १२ थान, जग्गा खिचोला ८ थान कुटपिट सम्बन्धि ७ थान, ज्याला मजुरी नदिएको ३ थान, छलफल गराइ पाउ ब्यहोराका ५ थान, कारवाही गरि पाउँ ब्यहोराका २ थान, न्याय पाउ सम्बन्धि २ थान, छिमेकीले असर पार्ने गरि वलेसीको पानी झारेको सम्बन्धि १ थान, पालनपोषण शिक्षादिक्षा सम्बन्धि १ थान, सिचाँइ पानी विवाद सम्बन्धि २ थान, रुख काटिदिएको सम्बन्धि १ थान, खाना खाजाको रकम अशुल उपर गराई पाउ २ थान  लगायत प्रकृतिका मुद्धाहरु आएका थिए ।

२५. यस आ.व.मा सुशासन प्रवर्द्धन र विकास निर्माण कार्यमा सहजता र नियमनका लागि आवश्यक १ वटा नियमावली स्वीकृत गरि लागू गरिएको छ । गत विगत वर्षहरुमा पारित गरिएका विभिन्न ऐन र कार्यविधिहरु आवश्यकता अनुसार संशोधन गरी लागू गरिएका छन् ।

२६. शिक्षक दरबन्दि अपुग भएका १५ वटा सामुदायिक माध्यामिक तथा आधारभुत विद्‍यालयहरुमा १-१ जनाको दरले स्वयमसेवक शिक्षक सहयोग उपलब्ध गराउने कार्यक्रम अनुसार १० जना मा.वि. र ५ जना कक्षा १-८ संचालन भएका आधारभुत विद्यालयहरुलाई सहयोग गरिएको छ ।

२७. नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई नगरका सबै विषयगत शाखाहरु एकै भवनबाट सेवा सुचारु गरिएको छ ।

२८. चालु आर्थिक वर्षमा क्रमागत योजनाहरु भालुखोप भ्यू टावर, नगर स्तरीय सेफ हाउस, हिलेपानी-भालुखोप कालोपत्रे सडक, वडा नं. ६ वडा कार्यालय भवन निर्माण गर्ने लगायतका आयोजनाहरु ठेक्का प्रक्रिया मार्फत संझौता सम्पन्न भई निर्माण कार्य भई रहेकोले आउदो आ.व. सम्ममा सम्पन्न हुने लक्ष्य रहेको छ । यी आयोजनाहरु आगामी आर्थिक वर्षमा सम्पन्न भई नगरपालिकाको विकासमा फड्को मार्ने विश्वास लिईएको छ ।

२९. **संघिय सरकार र नगरपालिकाको साझेदारीतामा समपुरक कोष** मार्फत नगरपालिकाको वडा नं. ७ सुकाजोरमा करिब रु. ५ करोडको लागतमा कबर्ड हल निर्माण गर्ने कार्य भई रहेको छ । उक्त आयोजना २०७९ साल असार मसान्त भित्र सम्पन्न भए पश्चात् नगर तथा जिल्ला स्तरीय खेलकुद प्रतियोगिताहरु सम्पन्न गर्न सहज हुने अपेक्षा लिईएको छ ।

३०. **प्रदेश सरकार र नगरपालिकाको साझेदारीतामा समपुरक कोष मार्फत** रामेछाप नगरपालिकाको वडा नं. १ को गोगनेडाडा-रातेडाडा-चण्डीडाडा र वडा नं. ७ को चामबोट-च्यास्कु-कोलोञ्जोरघाट सडक स्तरोन्नतीको काम ९० प्रतिशत सम्पन्न भएको र बाँकी काम असार मसान्त सम्ममा सम्पन्न हुने अवस्थामा छ ।

३१. **प्रदेश सरकारको विशेष कोषबाट** लिखु-माझीगाउ लिफ्ट खानेपानी योजनाको निर्माण कार्य तिब्र गतिमा संचालन भई असार सम्ममा सम्पन्न हुनेछ।

३२. चालु आ.व. मा खरिद गरिने २ थान एम्बुलेन्सको खरिद प्रक्रिया बोलपत्र माध्यामबाट संझौता भई तत्काल उपलब्ध हुने प्रक्रियामा रहेको छ।

३३. नगरपालिकाले सञ्चालन गरेका समग्र सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरुलाई नागरिक समक्ष सार्वजनिक सुनवाई कार्यक्रम गरि पृष्ठ पोषण लिने कार्य अनुरुप रामेछाप नगरपालिका वडा नं. ४ को हिमगंगामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरियो।

३४. सरकारी सेवामा प्रवेशका लागि परिक्षाको तयारी हुन नगर भित्रका ईच्छुक योग्यता पुगेका नागरिकहरुलाई १५ दिने लोक सेवा तयारी कक्षा संचालन गरियो।

३५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडाबाट ४१ वटा कार्यक्रमहरु छनौट भई ३९ वटा योजना संझौता गरि ७ वटा योजना सम्पन्न भएका छन्। यस कार्यक्रमबाट बेरोजगार सूचीमा रहेका २०७ जनालाई दैनिक ५१७ का दरले १०० दिनको रोजगारीको अवसर प्राप्त भएको छ।

सभाध्यक्ष महोदय,

नगरपालिकाको नगर सभावाट नीति, कार्यक्रम तथा बजेट पेश गर्ने सन्दर्भमा यहाँहरु समक्ष म आ.व. २०७८।०७९ को बजेट, नीति तथा कार्यक्रम तर्जुमाका लागि लिईएका आधार, उद्देश्य र प्राथमिकतालाई प्रस्तुत गर्ने अनुमति चाहान्छु।

आ.व. २०७८।०७९ को बजेट, नीति तथा कार्यक्रम तर्जुमाका लागि नेपालको संविधान, दिगो विकासका लक्ष्य, १५ औं आवधिक योजना, स्थानीय सरकार संचालन ऐन, २०७४(संशोधन सहित), रामेछाप नगरपालिकाको बजेट तर्जुमा दिग्दर्शन, २०७४ (संशोधन सहित), नेपाल सरकारका विभिन्न दिग्दर्शन, परिपत्र तथा नीति निर्देशनहरु, रामेछाप नगरपालिकाको ५ वर्षे रणनीतिक योजना र वर्तमान अवस्थामा देखिएको कोभिड-१९ को महामारी लगायतका समसामयिक विषयवस्तुहरुलाई आधारको रुपमा लिईएको छ।

आगामी वर्ष सञ्चालन गरिने आयोजनाहरुको प्राथमिकिकरण गर्दा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणलाई उच्च प्राथमिकतामा राख्दै तपशिल बमोजिमका योजनाहरुलाई प्राथमिकता दिईएको छ।

- स्थानीय श्रोत साधानमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने।
- उत्पादनमुलक र छिटो प्रतिफल दिने।
- विपद् व्यवस्थापन र वातावरण संरक्षणमा योगादन पुऱ्याउने।
- आर्थिक विकास र गरिबि निवारणमा प्रत्येक्ष योगदान पुऱ्याउने।
- लैंगिक समानता, सामाजिक समावेशिकरण अभिबृद्धि हुने।

- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।
- स्थानीय राजस्व परिचालनमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- नगरवासीलाई विपद् तथा जलवायू परिवर्तन उत्थानशील बनाउने ।
- अधुरो तथा क्रमागत योजनाहरुको लक्ष्य प्राप्ति ।

**सभाध्यक्ष महोदय,**

लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गर्दै नगरवासीहरुको व्यापक सहभागितामा निर्णय गरी अन्तर सरकारी वित्तिय हस्तान्तरण र स्थानीय श्रोत साधनको अधिकतम परिचालन मार्फत नेपाल सरकारको **समृद्ध नेपाल, सुखी नेपाली** बनाउने दीर्घकालीन सोच एवं आंकक्षा र बागमती प्रदेश सरकारको लिएको सोचलाई प्रत्याभूति गराउन प्रतिवद्ध रही समसामयिक परिस्थितिलाई सामना गर्न "**रामेछाप नगरपालिकाको प्रतिवद्धता, नागरिकको स्वास्थ्य र खाद्य सुरक्षा"** भन्ने सोचका साथ नगरवासीको जीवनस्तरलाई स्वस्थ एवं समृद्धि उन्मुख गराउने र नगरपालिका क्षेत्र भित्र विकासका बहुपक्षीय आयामहरुको समन्वय र सन्तुलित परिचालन मार्फत विकसित नगरपालिकाको निर्माण गर्ने लक्ष्य तथा स्थानीय तहमा नै सबै सरकारी सेवाहरुको उपलब्धता एवं शिघ्र र निश्पक्ष न्याय सम्पादन गराउने उद्धेश्यका साथ आगामी आर्थिक वर्ष २०७८।०७९ नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । आर्थिक वर्ष ०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धी हासिल हुने अपेक्षा लिईएको छ ।

- संकटको अवस्थामा नगरबासीहरुलाई अभिभावकको भूमिका प्रदान हुने ।
- स्थानीय स्तरमा नै आधारभुत सरकारी सेवाहरु उपलब्ध हुने ।
- नगरपालिकाको विकास निर्माणका गतिविधिहरु गुणस्तरीय, दिगो र सन्तुलित रुपमा अगाडी बढ्ने ।
- विकास निर्माणका कार्यक्कमहरु सञ्चालनमा जनसहभागिता, अपनत्व र पारदर्शिता अभिवृद्धि हुने ।
- नीति तथा कार्यक्कमहरुको कार्यान्वयन पश्चात् जनताले प्रत्यक्षरुपमा सो को प्रतिफल प्राप्त गर्ने ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष ०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा संघ,प्रदेश र स्थानीय तहको लक्ष्य,उदेश्य र प्राथमिकतालाइ आत्मासाथ गदै देहाय बमोजिमका मुख्य मुख्य नीतिहरु अवलम्बन गरिएको छ ।

,

### (क) समग्र नीतिहरु

१. वर्तमान अवस्थामा कोरोना भाईरस (कोभिड-१९) महामारीका कारण विश्व नै संकटग्रस्त भएकोले संकटको सामना गर्ने क्षमताको विकास र पुर्व तयारी गरिने छ। संघ र प्रदेश सरकार सँग समन्वय गरी सम्पूर्ण नगरवासीहरुलाई कोरोना भाईरस विरुद्धको खोपको व्यवस्था मिलाईनेछ।

२. नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवा सुनिश्चितताको लागि स्वास्थ्य संस्थाको स्तरोन्नती, क्षमता अभिबृद्धि र संस्थागत विकास गर्ने कार्यलाई प्रभावकारी बनाउने व्यवस्था मिलाईएको छ।

३. यूवा वेरोजगारीको अवस्थालाई न्युन गर्न गाउँगाउँमा रोजगारी सृजना हुने गरि कृषि तथा पशुपंक्षिपालन फर्मको प्रवर्धनका साथै गाई भैसी पालनलाई व्यवसायीकरण तथा अनुदानको व्यवस्था गरि दुग्ध जन्य पदार्थको उत्पादन, संकलन, प्रशोधन तथा डेरी स्थापना गर्न प्रोत्साहन गर्ने कार्यक्रम अगाडि बढाईनेछ।

४. उत्पादनलाई बजारीकरणकोलागि कोसेली घर संचालनमा ल्याईने छ।

५. पशु बीमाको कार्यलाई निरन्तरता दिईएकोछ।

६. विगत वर्ष देखि लिईएको एक वडा एक उत्पादन (पकेटक्षेत्र) कार्यक्रमलाई निरन्तरता दिईएको छ। साथै उक्त उत्पादन कार्यक्रमलाई उद्योगको रुपमा विकास गरिने छ।

७. नगरपालिकाको कार्यक्षेत्र भित्र परेका (संविधानको एकल अधिकार अनुसुची-८ र साझा अधिकार अनुसूची-९ ) विषय तथा क्षेत्रहरुलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

८. कोभिड-१९ को महामारीको समयमा शिक्षण सिकाईलाई प्रभावकारी बनाउन बैकल्पिक शिक्षाको अधिकतम प्रयोग गरिने नीति लिईएकोछ। शुन्य र न्यून दरबन्दि रहेका विद्यालयहरुमा विषयगत स्वयम सेवक शिक्षकहरुको व्यवस्था गरिने छ।

९. **मुहान देखी मुख सम्म स्वच्छ खानेपानी** सुनिश्चित गर्न श्रोत भएका स्थानमा सोही श्रोतबाट र नभएका स्थानमा लिफ्ट प्रविधिबाट एक घर एक धाराको व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ।

१०. नगरकार्यपालिका र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन कार्यपालिका र वडा कार्यालयहरुको लागि कार्यालय भवन निर्माण तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिईएकोछ ।

११. नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवालाई सहज, सरल, गुणस्तरीय, प्रभावकारी र छिटोछरितो बनाई सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्यक्ष अनुभूति गराईने छ।

१२. नगरपालिका भित्र रहेको सार्वजनिक स्थल, जग्गा जमिन, मठ, मन्दिर, गुम्बा लगायत सार्वजनिक सम्पत्तिको तथ्यांक संकलन गरी आवश्यकता अनुसार संरक्षण र सम्र्बद्धन गर्न विशेष नीति अपनाईनेछ।

१३. नगरपालिकाक्षेत्र भित्र रहेको ऐलानी जग्गाको अभिलेखीकरण तथा सो को उपयोग गर्ने नीतिलाई निरन्तरता दिईएकोछ ।

१४. नगरपालिका क्षेत्रमा राजस्व संकलनका संभाव्यता अध्ययन गरी नगरपालिकाले संकलन गर्ने विभिन्न राजस्व ( दस्तुर तथा शुल्क) संकलनलाई परिस्कृत बनाई विस्तृतिकरण गरि करको दर भन्दा पनि करको दायरालाई फराकिलो बनाउन प्रयास गरिने छ।

१५. राजस्व सुधारको कार्ययोजना तयार गरिनेछ।

१६. न्यायिक समितिको काम कारबाहीलाई सरल, सहज र थप प्रभावकारी बनाईनेछ । साथै वडा स्तरीय मेलमिलापकर्ताहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण मिलाईने छ।

१७. नगरपालिकाले अनिवार्य रुपमा दायित्व निर्वाह गर्नु पर्ने कार्यको लागि श्रोत सुनिश्चितता गर्न आकस्मिक कोष, कर्मचारी कल्याण कोष, प्रकोप व्यवस्थापन कोष र मर्मत सम्भार कोष स्थापना गरी सञ्चालनमा ल्याइएकोछ। उक्त कोषहरु स्थापनाको लागि आवश्यक मात्रामा रकम विनियोजन गरिएको छ।

१८. राष्ट्रिय अर्थनीतिको खम्बाको रुपमा रहेको सहकारी क्षेत्रसँग ठुलो आर्थिक कोष चलायमान रहेको र सबै बिषयगत सहकारी संघ संस्था, लघुउद्यम, विकास बैङ्कहरुले उत्पादनमूलक क्षेत्रमा लगानी गर्न नसकि रहँदा जनताको आर्थिक अबस्था सुदृढ हुनुको सट्टा ऋणि मात्र बनाइरहेको र गरिविको अनुपात वृद्धि हुदै गएकोले उत्पादन क्षेत्रको सुनिश्चितता गरि कर्जा प्रवाह गर्ने, सहकारी क्षेत्रको आर्थिक सुशासन स्थापना गराउन र क्षमता विकास गराउने कार्यक्रम संचालन गरिने छ। विगतमा गरिवि निवारण कोषबाट प्रवर्द्धित सामुदायिक संस्थाहरुलाई व्यवस्थापन गर्न वडा स्तरीय सहकारी संस्था दर्ता गरि विवरण अद्यावधिक तथा आयआर्जनका क्रियाकलाप संचालन गर्न उत्प्रेरीत गरिनेछ।

१९. नगर क्षेत्र भित्र निर्माण गरिने भौतिक पुर्वाधार संरचनालाई प्रभावकारी तथा नतिजामुलक बनाउन ठूला आयोजना तथा कार्यक्रमहरु तयार गरि संचालन गर्ने नीति लिईएकोछ।

२०. पर्यटकिय दृष्टिकोणले अति महत्वपूर्ण रहेको ऐतिहासिक क्षेत्र रामेछाप नगरमा पर्यटन प्रवर्द्धनको लागि पूर्वाधार निर्माणमा जोड दिईने छ। पर्यटन गुरुयोजना तयार गरी सोही बमोजिम कार्य अगाडि बढाईनेछ।

## (ख) क्षेत्रगत नीति तथा आधारहरु

### (अ) आर्थिक क्षेत्र विकास नीतिहरु

- स्थानीय उत्पादनलाई प्रवर्धन गर्न एक वडा एक उत्पादन कार्यक्रम संचालन गरिनेछ।
- कृषकहरुकोलागि आधुनिक कृषि औजारको लागि ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गरिने कार्यलाई निरन्तरता दिईएको छ।

- कृषकहरुले आफ्नो खेतबारीमा उत्पादन गरेका विभिन्न बालीहरु (खाद्यान्न, तरकारी, फलफुल, तथा मसला) उत्पादन गरेका अगुवा कृषकहरुको पहिचान गरी उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गरिनेछ।
- कृषकहरुले लगायका जुनार, सुन्तलाको बगैचामा लाग्ने औसा किरा नियन्त्रण तथा रोकथामका लागि प्रोटिन बेड वितरण गरिने छ।
- ढुवानी अनुदानमा कृषि मलखाद तथा किटनासक विषादि खरिद एवं वितरणमा सहजताकोलागि सम्बन्धित वडा कार्यालयबाट वितरण हुने गरी आवश्यक व्यवस्था मिलाईएको छ।
- पशु बिमाको कार्यलाई निरन्तरता दिईएकोछ।
- पशुपालन व्यवसायलाई प्रवर्धन तथा दुग्धपदार्थमा आत्मनिर्भरताको लागि सुत्केरी गाई/भैंसी स्याहार तथा पोषण अनुदानको व्यवस्था गरिएको छ।
- दुध तथा दुग्धजन्य पदार्थ व्यवस्थापन एवं बजारीकरणको लागि डेरी स्थापनालाई अनुदानको व्यवस्था गरिएको छ।
- पशुपन्छिको उपचारकोलागि आवश्यक पर्ने औषधि खरिद गरि निःशुल्क वितरण तथा पशुपन्छि उपचार सेवामा निरन्तरता दिईनेछ।
- पशुपंक्षीको उपचारको लागि आवश्यक पर्ने औषधि खरिद गरि निःशुल्क बितरण तथा पशुपन्छि उपचार सेवामा निरन्तरता दिईनेछ ।
- पशुपंक्षिको रोग पहिचान गर्न रामेछाप नगरपालिका पशुपन्छि तथा मत्स्य विकास शाखामा पशुपन्छि प्रयोगशाला स्थापना गरि पशुपन्छिको रोगको पहिचान तथा उपचारकोलागि आवश्यक प्रविधिको विकास गरिनेछ।
- ल्याव परिक्षण गर्ने प्रयोजनार्थ नगरपालिकामा पशु ल्याव केन्द्र स्थापना तथा संचालन गरिनेछ। साथै पशुपंछिको उपचार तथा रोग पहिचानको लागि आवश्यक प्रविधि विकास गरिनेछ।
- पशुपन्छिहरुमा लाग्ने महामारी (संक्रमत) रोग नियन्त्रणको लागि रोग निरोधक खोप कार्यक्रम नियमित र निःशुल्क सञ्चालन गरिनेछ।
- परम्परागत निर्वाहमुखी पशुपन्छिपालन पेशालाई व्यवस्थीत तथा व्यवसायीकरणको लागि व्यवसायिक फर्म, समुह तथा अगुवा कृषकहरुलाई व्यवसाय सम्बन्धि अभिमुखीकरण तालिम प्रदान गरि प्राविधिक ज्ञान, सिपको विकास गरिनेछ।
- गाई/भैसिमा हुने बांझोपन निबारणका लागि भिटामिन,मिनिरल बितरण तथा आन्तरिक र बाह्य परजिबि नियन्त्रण शिबिर सञ्चालन गरिनेछ।
- जुनोटिक रोग (पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने रोगहरु) रोकथाम तथा नियन्त्रणको लागि घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क खोप तथा बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ ।

- भेटेनरी सेवा अत्यावश्यक सेवा अन्तरगत राखी राजपत्रमा समेत प्रकाशित भई सकेको हुँदा भेटेनरी तथा पशु विकास शाखाको कार्यालय भवन निर्माणको लागि पहल गरिनछ।
- यस नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरु मध्ये निष्कृय रहि नगरपालिकामा सम्पर्कमा नआई वा नियमित प्रतिवेदन नबुझाएका सहकारी संस्थाहरुको अनुगमन गरी दर्ता खारेजी तथा संचालकलाई नियमानुसार कारबाहीको प्रक्रिया अगाडी बढाईनेछ।
- रामेछाप नगरपालिकाको सहकारी ऐन २०७५ अनुसार नगर कार्य क्षेत्र कायम गरी स्थापना हुने प्रस्तावित सहकारी संस्थाहरुलाई पुर्व सहकारी शिक्षा तालिम तथा सहकारी लेखापालन तालिम कार्यक्रमलाई निरन्तरता दिईनेछ। रामेछाप नगरपालिका भित्र कार्य क्षेत्र हुने कम्तिमा १५ वटा सहकारी संस्थाहरुलाई सहकारी तथा गरिवि सुचना व्यवस्थापन प्रणालि तालिम सहकारी विभाग, राष्ट्रिय सहकारी प्रशिक्षण केन्द्र सँग समन्वय गरि संचालन गरिनेछ।
- राजस्व संकलनलाई चुस्त दुरुस्त प्रभावकारी र पारदर्शी बनाउने कार्यका लागि नगरपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुमा अनलाईन सफ्टवयेर प्रणाली मार्फत सम्पुर्ण राजस्व शुल्क र सम्पत्ति कर संकलन कार्य शुरुवात भई सकेको छ र यसलाई थप प्रभावकारी बनाईनेछ।
- कोरोना महामारीका कारण व्यापार व्यवसायमा गम्भिर प्रवाभ परेको कारण आ.व. २०७८/७९ मा लिईने व्यवसाय करमा ५० प्रतिशत छुट दिईनेछ।
- राजस्व संकलन सम्बन्धि कार्य पारदर्शी तथा प्रभावकारी रुपमा संकलन गर्न सम्पुर्ण वडा सचिवहरुलाई क्षमता विकास तालिम संचालन गरिनेछ।
- उपभोक्ताको हित संरक्षण गर्ने प्रयोजनका लागि बजार अनुगमन गर्ने दायित्व स्थानीय तहलाई तोकिएकोले उपभोक्ताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्न सबै वडामा रहेका पसलहरुको नियमित रुपमा अनुगमन गरि उपभोक्ता हक हितका लागि अन्तरक्रिया र सहजिकरणको कार्यक्रम संचालन गरिनेछ।
- पाँच लाख सम्म पूँजी भएका प्राईभेट तथा साझेदारी फर्महरु दर्ता, नविकरण, ठाँउसारी, नामसारी, उद्धेश्य थप तथा ईजाजत प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- उद्यमीहरुको स्तरोन्नती गरि आय आर्जनमा बृद्धिका लागि प्रति वडा कम्तिमा १५ जनाका दरले १३५ जनालाई उद्यमशिलता विकास तालिम दिईनेछ। रुग्न रुपमा रहेका उत्पादनमुलक उद्योगहरुलाई स्तरोन्नतीका लागि त्यस्ता उद्योगलाई आवश्यक पर्ने मेशिन उपकरणहरु अनुदानमा प्रविधि हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत बेरोजगारहरुलाई नियमित रोजगारीको कार्यक्रम संचालनलाई निरन्तरता दिईएकोछ।
- नगरमा सीप विकास केन्द्र व्यवस्थापन गरि आवश्यक तालीम प्रदान गरिनेछ।

**(आ) सामाजिक क्षेत्र विकास नीतिहरुः**

- न्यून वेतन बाल कक्षा शिक्षक तथा सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप सञ्चालित कक्षा र सेवा प्राप्त विद्यार्थी संख्याको आधारमा तोकिए बमोजिम न्यूनतम पारिश्रमिक प्रदान गरिनेछ।

- सुन्य एवं न्यून तहगत शिक्षक दरबन्दी र संख्या भएका आधाभूत (१-८) सम्म र माध्यामिक विद्यालयहरुलाई विषयगत स्वयंसेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- बालबालिकाहरुको सहज पहुचमा विद्यार्थी भर्ना दर उपस्थिति दर एवं उतीर्ण दरमा अभिबृद्धि तथा कक्षा छाड्ने दर र कक्षा दोहोर्‍याउने दरमा कमी ल्याने प्रकृतिका विद्यार्थी प्रोत्साहन शैक्षिक कार्यक्रमहरु, निःशुल्क पाठ्यपुस्तक, छात्रबृत्ति, दिवा खाजा र सेनेटरी प्याड सुविधालाई निरन्तरता दिईनेछ।
- कोभिड १९ को जोखिमबाट उत्पन्न परिस्थितिमा विद्यालय सञ्चालन र नियमित पठनपाठन कार्यलाई निरन्तरताका लागि न्यूनतम स्वास्थ्य सुरक्षा र सिकाई सामाग्री सहित बैकल्पिक सिकाई प्रद्धतिलार्य अवलम्बन गरिनेछ।
- एक विद्यालय एक स्वास्थ्यकमी (नर्स) कार्यक्रमलाई निरन्तरता दिईने छ।
- न्यूनतम सिकाई अनुकुल बातावरण विकासकालागि सबै तहगत सामुदायिक विद्यालयहरुका लागि विद्यालय सवलिकरण कार्यक्रम थालनी गरिनेछ।
- विद्यालय तहको तथ्यांकको अद्यावधिकिकरण र सूचना तथा अभिलेखलाई डाटावेस तयार गरी व्यवस्थित रुपमा प्रतिवेदनका साथै शिक्षण सिकाईकालागि शिक्षकहरुमा सूचना तथा प्रविधिको प्रयोग सम्बन्धी आधारभूत ज्ञान र सीप प्रदान गर्ने कार्यको थालनी गरिनेछ।
- नमूना विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रम र प्राविधिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ।
- विद्यालय स्तरीय पाठ्यक्रम संरचना अनुसार आधारभूत तहकालागि क्रमशः स्थानीय विषयको पठनपाठनलाई निरन्तरता दिईनेछ।
- शैक्षिक गुणस्तर अभिबृद्धि केन्द्रित शैक्षिक कार्यक्रमहरु विशेष गरी शैक्षिक सामाग्री, विज्ञान प्रयोगशाला, सूचना तथा प्रविधि प्रयोगशाला र पुस्तकालय व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको बाल मस्तिष्क सिर्जित प्रतिभाहरुलाई सम्मान र प्रोत्साहनका लागि प्रतिभा पहिचान प्रतियोगितालाई निरन्तरता दिईनेछ।
- उच्च सिकाई उपलब्धीमा सुदृढिकरण योजना र शिक्षण सिकाई कार्यमा समय बिताउने सुधार योजना निर्माण र सो को कार्यान्वयनकालागि विद्यालय र शिक्षक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- उच्च शिक्षा अध्ययनका लागि शैक्षिक सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- नगर क्षेत्र भित्रका द्वन्दपिडित बालबालिकाहरलाई शैक्षिक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- एक्काईसौं शताब्दीका बालबालिकाहरुको रुची र आवश्यकतालाई क्रमशः सम्बोधन गर्नका लागी आधारभूत तह देखि माध्यामिक तह सम्मकालागि अंग्रेजी माध्यामको पठनपाठनलाई थालनी गरिनेछ।

- विद्यालय भौतिक र शैक्षिक पूर्वाधार विकास तथा शिक्षकको पेशागत क्षमता विकासका लागि तहगत संघ र प्रदेश स्तरीय शैक्षिक निकायहरु एवं गैर सरकारी संस्थाहरु सँगको आपसी समन्वय, साझेदारी र सहकार्यको संस्कृतिलाई कायम राखीनेछ।
- विद्यालयका प्रमुख सरोकारवालाहरु विशेष गरी बालबालिकाहरुसँग जनप्रतिनिधिहरुको पँहुच र प्रत्यक्षीकरण कार्यक्रमको थालनी गरिनेछ।
- विद्यालय अनुगमन र सुपरिवेक्षण कार्यलाई प्रभावकारी र नतिजामुलक बनाउन संयुक्त एकीकृत अनुगमन संयन्त्र परिचालन गरिनेछ।
- विभिन्न संघ संस्थाहरुको समन्वय र सहकार्यमा नगरपालिकामा पुस्तकालय स्थापना गरिनेछ।
- बालबालिकाहरुको हकहित संरक्षण तथा विकास गतिविधिका सम्बन्धमा मेयर सँग बालबालिका कार्यक्रम संचालन गरिनेछ।
- सबै नागरीकहरुलाई स्वरोजगार, उद्यमशिलता तथा व्यवसायीक तालिमहरु संचालन गरि महिला तथा यूवा वर्गलाई स्वरोजगार गराई समग्र नगर विकास गतिविधिमा सक्रिय सहभागी हुन उत्प्रेरीत गरिनेछ।
- महिला सशक्तिकरण तथा हिंसा न्यूनिकरणका सम्बन्धमा उप मेयर सँग किशोरी तथा महिला कार्यक्रम एवं आवश्यकता अनुसार बृद्ध बृद्धा, एकल महिला भेटघाट कार्यक्रमहरु संचालन गरिनेछ।
- राष्ट्रकालागि खेलकुद स्वास्थ्यकालागि खेलकुद नारालाई सार्थकता प्रदान गर्न महिला, पुरुष, किशोर किशोरीहरुको सहभागीतामा विभिन्न खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ।
- नगरस्तरीय कभर्ड हल निर्माण कार्यलाई निरन्तरता दिइएकोछ।
- विद्यालय स्तरीय खेलकुद गतिविधि संचालनको लागि राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- महिला उद्यमी प्रवर्धनकालागि महिला समूह, सहकारी मार्फत सशक्तिकरण तथा आयआर्जन कार्यक्रमहरु संचालन गरिनेछ।
- महिला र पुरुषको बिचमा रहेको लैङ्गीक विभेदलाई निरुत्साहित गर्न महिला र पुरुषको समान सहभागीता, कार्य, जिम्मेवारीमा समानता ल्याउन महिला पुरुष समविकास कार्यक्रम सञ्चालन गरिनेछ।
- आम्दानीको आधार नभएका विपन्न महिलाहरुको सिप, दक्षता र क्षमताको विकास गरि आत्मनिर्भर बनाउनको लागि सवारी चालक सम्बन्धि तालिम तथा अन्य कार्यक्रम संचालन गरिने छ।
- बालबालिकाहरुको संगठन, सहभागिता र अधिकारको उच्चतम सदुपयोग गर्न बाल अधिकारको संरक्षण, सम्बर्धन र प्रवर्धन गर्दै बालबालिकाको सर्वोपरि विकास एवं संरक्षण लगायतका विषयमा बालबालिका स्वयमको सहभागीता गराउन बाल सञ्जाल गठन र अन्य कार्यहरु गरिनेछ।
- बालमैत्रि स्थानीय शासनको आधार र सुचक पुरा गरी बालमैत्री स्थानीय तह घोषणाको प्रक्रिय अगाडी बढाईनेछ।

- बालविवाह रोकथाम तथा घरेलु हिंसा नियन्त्रणकालागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै नियमित दिवसहरुलाई प्रभावकारी तवरले कार्यान्वयन गरिनेछ।
- सबै बालबालिकाहरुलाई पुर्ण खोपको सुनिश्चितताका लागि खोप सेवाको गुणस्तर तथा दायरामा बृद्धि गरिनेछ।
- गर्भवती तथा सुत्केरी महिला एवं बालबालिकाहरुको पोषणको अवस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना कार्यक्रम बमोजिम सुनौला हजार दिन कार्यक्रमलाई अगाडि बढाईनेछ। पुर्ण पोषणयुक्त स्वास्थ्य संस्थाहरु घोषणाकालागि तयारी गरिनेछ।
- मातृ तथा नवशिशु कार्यक्रमकालागि संस्थागत सुत्केरी सेवा विकास गर्न सबै बर्थिङ्ग सेन्टरहरुलाई व्यवस्थित गरिनुका साथै निःशुल्क भिडियो जाँच सेवालाई नियमित गरिनेछ।
- समुदाय केन्द्रित स्ट्रेचर व्यवस्थापन कार्यलाई निरन्तरता दिईएको छ।
- महिला स्वयम सेविकाहरुको सेवाको उच्च मुल्यांकन गर्दै आवश्यक प्रोत्साहन तथा सम्मानजनक बिदाईका लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- सुर्तिजन्य पदार्थको सेवनमा रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- कोभिड १९ संक्रमणको रोकथाम, न्युनिकरण तथा व्यवस्थापनकालागि सबै वडाहरुमा नियमित परिक्षण गरि संक्रमतिहरुको उपचारको लागि आवश्यक व्यवस्थापन गरिनेछ।
- कोभिड १९ संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्यकर्मिहरुको मनोबल बढाउन आवश्यक प्रोत्साहनको व्यवस्थाका साथै कोभिड संक्रमणबाट मृत्यू हुने गरिव तथा विप्पन्न वर्गका नगरवासीहरुको परिवारलाई उचित राहतको ब्यवस्था गरिनेछ।
- सबै स्वास्थ्य संस्थाहरुमा बर्षै भरी पुग्ने गरि निःशुल्क वितरण गरिने तथा अत्यावश्यक औषधिहरुको उपलब्धतालाई निरन्तरता दिईनेछ।
- नगरपालिका भित्र कोभिड १९ का कारण मानसिक समस्याका कारण एक्लोपना महसुस गरेका व्यक्तिहरु लगायत पेशा व्यवसायीको मनोवल उच्च बनाउन मनोसामाजिक परामर्श सेवा तथा तालिमको व्यवस्था गरिनेछ।
- नगरबासीहरुको स्वास्थ्य सुविधा सहज पहूँचकालागि जिल्ला अस्पताल रामेछापमा विशेषज्ञ चिकित्सक सहितको सेवा विस्तारकोलागि आवश्यक पहल गरिनेछ।
- सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- नगर क्षेत्रलाई लक्षित गरी आँखा उपचार सेवा विस्तार कार्यक्रम संचालन गरिनेछ।
- हाल भइरहेका खानेपानीका मुहानको संरक्षण गर्दै खानेपानीको समस्या भएका बस्तीका लागि लिफ्ट खानेपानी आयोजना सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
- लक्षित वर्गको सीप, क्षमता विकास, सशक्तिकरण, आयआर्जनका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने छ।

- नगर स्तरीय सिप विकास केन्द्र स्थापना गरि संचालन गरिनेछ।
- सार्वजनिक स्थानमा धुम्रपान, मध्यपान, लागू औषध जस्ता कुलतलाई निरुत्साहित गरिदै लैजाने नीति अवलम्बन गरिने छ।
- लक्षितवर्गको हक हित संरक्षणकालागि विनियोजित रकम सोही शिर्षकमा अनिवार्य खर्च गर्नु पर्ने नीति लिईएकोछ।
- अपांगता भएका व्यक्तिहरुलाई आत्मनिर्भरता तर्फ प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ।

**(इ) पूर्वाधार क्षेत्र विकास नीतिहरु :**

- रामेछाप नगरपालिकाको वडा नं. ८ रामेछाप बजार हुदै भालुखोप, गणेशटार, वडा नं.२ देउराली शहिदगेट, वडा नं. १ गोगने रातोडाडा, चण्डेश्वरी बडा नं. ३ सुवेदीटोल, साँघुटार, वडा नं. ४ बसेरी लिखु करिडोर वडा नं. ५ कोलोञ्जोरघाट, मरिनघाट, ल्याङ्गल्याङ्ग, भिमसेनथान हुदै रामेछाप बजार सम्मको सडकलाई नगरस्तरीय चक्रपथ निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको र सो सडक निर्माणकालागि संघिय तथा प्रदेश सरकारसँग अनुरोध समेत गरीएको छ र सो चक्रपथको बाकी ट्र्याक खोल्ने कार्य गरिने छ।
- कालिकुवा चोक देखी चाम्बोट च्यास्कु रामपुर कोलोञ्जोरघाट सम्मको सडकलाई नगरको गौरबको योजनाको रुपमा संचालन गरिएकोमा सो योजनालाई निरन्तरता दिईनेछ। विस्तृत परियोजना प्रतिवेदन प्राप्त भई सकेको सडक खण्डमा सडक स्तरोन्नती तथा कालोपत्रे सडक निर्माणकालागि संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरि कार्य अगाडि बढाईनेछ। साथै देउराली चण्डीडाडा साँघुटार सडकलाई थप स्तरोन्नतीको कार्य गरिनेछ। अन्य सडकहरु नगरस्तरीय र वडास्तरमा संचालन हुनेछन।
- नगरपालिका क्षेत्र भित्र भएका संघिय तथा प्रदेश कार्यालयहरु सँग समन्वय गरि साझेदारितामा पुर्वाधार विकासका कार्यहरु संचालन गर्ने नीति अवलम्बन गरिनेछ।
- पुर्वाधार विकासमा टोल सुधार संस्था तथा समुदायको लागत साझेदारी ५० प्रतिशत र ५० प्रतिशत नगरपालिकाको आर्थिक साझेदारी हुने गरि निर्माण गर्ने नीति अपनाईनेछ।
- रामेछाप नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भईसकेको र कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्न, निर्माण कार्य सम्पन्न हुन बाँकी वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न गर्न दातृ निकायमा अनुरोध गर्नुका साथै आवश्यक बजेटको व्यवस्था गरिएकोछ।
- मुल सडकहरुमा बाह्रै महिना सहजता पूर्वक यातायात संचालनको व्यवस्था गरिनेछ।
- सडक मापदण्डलाई र राष्ट्रिय भवन संहितालाई कडाईका साथ पालना गरिने छ।
- आन्तरिक तथा बाह्रय पर्यटक प्रबर्द्धन गर्दै रोजगारी श्रृजना गर्न होमस्टे खोल्न प्रोत्साहन गरिने छ।
- रामेछाप बजारमा व्यवस्थित हाट बजार र बसपार्कको निर्माण गर्दै अन्य वडाहरुमा पनि बसपार्क संभाव्यता अध्ययन गरी कार्यान्वयन गरिने छ।

- नगर क्षेत्रमा संचालन गरिने सबै विकास निर्माणका कार्यहरुलाई बालमैत्रि अपांग मैत्री हुने गरि निर्माण कार्यमा जोड दिईनेछ।
- उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना र कार्यक्रमहरुमा महिला ,युवा तथा अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्वदायी भूमिकालाइ प्राथमिकता दिइनेछ।

**(ई) वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र विकास नीतिहरु :**

- महामारी रोकथाम तथा नियन्त्रणकालागि जनचेतनामुलक कार्यक्रम, सन्देशहरुको प्रकाशन तथा प्रशारण गरिनेछ।
- विपदको पूर्व तयारीलाई आधार प्रदान गर्न जोखिम नक्सांकन सहिको भू-उपयोग योजना तयार गरिनेछ।
- **३ ज (जल, जमिन, जंगल)**को संरक्षण गर्दै प्रदुषण रहित खोला नाला, हराभरा बनजंगल र स्वच्छ बातावरणको विकास गर्दै लगिने छ।
- सबै सामुदायिक बन उपभोक्ता समूहहरुमा नर्सरी स्थापना गरि बृक्षारोपण गर्न प्रोत्साहन अभियान संचालन गर्दै उचित स्थानहरुमा पोखरी निर्माण अभियान संचालन गरिनेछ।
- खुल्ला स्थानहरुमा वृक्षारोपण गर्दै जाने र निर्माण सम्पन्न सडकका दाँयाबाँया वातावरण अनुकूल विरुवाको वृक्षारोपण क्रमशः गर्दै जाने नीति लिइनेछ।
- बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने भू-क्षयीकरणलाई रोकथाम गर्नको लागि जोखिमयुक्त स्थानहरुमा तटबन्ध निर्माण लगायतका उपायहरु अवलम्बन गरिने छ।
- फोहोरलाई स्रोतमा नै न्यूनीकरण गर्न, पृथकीकरण गर्न, पुनःप्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै वडा भित्र रहेको बजारहरुमा ढल निकासको प्रबन्ध गर्दै फोहरमैला ब्यबस्थापन गर्न शहरी विकास विभाग सँग साझेदारी गरि कार्य अगाडि बढाईनेछ।
- धुवां रहित सुधारिएको चुल्हो प्रवर्द्धन गरी महिलाको स्वास्थ्यमा सुधारका साथै इन्धन बचतको उपाय अपनाईने छ।
- जल उत्पन्न प्रकोपका लागि सजगता अपनाई यसबाट पर्न जाने प्रभाव नियन्त्रणका लागि साझेदार संस्था संग सहकार्य गरिने छ।
- नगर प्रहरीलाई प्रभावकारी रुप्मा परिचालन गरी बातावरणीय स्वच्छता कायम गर्दै यातायातको सु-व्यवस्थापन गरिने छ।
- बातावरण बिनाश र भू-क्षय नहुने गरी सडकहरुको स्तरोन्नति गरिनेछ। बातावरण संरक्षण र हरित शहर निर्माणमा जोड दिईने छ।
- रामेछाप नगरपालिका जलवायु परिवर्तनको असरबाट प्रत्यक्ष रुपमा प्रभावित भएको, पानीको मुहानहरु सुक्दै गई रहेको हुंदा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि साझेदारहरु संगको सहकार्यमा लागि जोड दिईनेछ। यस्तो समस्या समाधानकालागि प्रदेश सरकार र संघीय सरकारमा समेत बिशेष अनुरोध गरिनेछ।

- लोपोन्मुख बन्यजन्तु सालकको संरक्षण गर्न साझेदार निकायहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।
- वातावरण सँग सरोकार राख्ने संघ संस्था सँग समन्वय गरि बातावरणको संरक्षणका कार्यहरु गरिनेछ।
- भैपरि आउने विपद् व्यवस्थापनका लागि साझेदारीतामा तालिमका कार्यक्रमहरु संचालन गरिनेछ।
- समसामयिक स्वास्थ्य अवस्थालाई मध्यनजर राख्दै खरिद गरिएका एम्बुलेन्सको प्रभावकारी रुपमा संचालनको प्रवन्ध गरिने छ।
- विपद् जोखिम न्यूनिकरणकालागि अवाश्यक पूर्व तयारीका सामाग्रीहरुको व्यवस्थापन गरिनेछ।

**(उ) संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र विकास नीतिहरु :**

- यस नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन  सूचना प्रविधिको अधिकतम प्रयोग लाई जोड दिईनेछ।
- नगरपालिकाका कर्मचारीहरुका लागि क्षमता विकास तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ।
- सरकारी सेवा सुविधा प्रदान गरिने निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारीता र भ्रष्टाचार मुक्त शासन सुनिश्चीत गर्नु नगरपालिकाको आधारभुत नीति हुनेछ।
- नगर तथा वडामा आवश्यक कर्मचारी पूर्ति गरिनेछ र कर्मचारीहरुको कार्य बिवरण तोकिने छ।  कर्मचारीलाई उत्प्रेरित गर्न  नगरपालिकाको क्षमता हेरी थप सुविधा दिईने छ।
- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक सुरक्षा वितरणलाई बैकिङ्ग प्रणालीमा लगिनेछ। व्यक्तिगत घटना दर्ता पद्धतिलाई प्रभावकारी र सूचनामैत्री बनाईनेछ।
- नगरपालिकालाई आबश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डहरु आबश्यकताका आधारमा निर्माण गरि नगर सुशासनलाई प्राथमिकता दिइनेछ।
- रामेछाप नगरपालिका न्यायिक समितिमा दर्ता हुन आएका विवादहरुलाई व्यवहारिक तथा कानून सम्मत मेलमिलापको सिद्धान्तलाई आत्मसात गर्दै निरुपण प्रकृयालाई निरन्तरता दिइनेछ।
- न्याय निरुपणका लागि विगत देखिनै निरन्तर  १ वडा १ मेलमिलाप केन्द्रलाई थप क्रियाशिल वनाउन मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुका लागि मासिक सञ्चार खर्च र विवाद मिलापत्र पारिश्रमीक समेतको व्यवस्था मिलाइएको छ।
- **विवाद हैन संवाद**भन्ने नारा विकास गरि टोलटोल तथा मेलमिलाप केन्द्र वाट नै न्यायको आभास हुने क्षमताको विकास गर्न मेलमिलापकर्ताहरुलाई क्षमता विकास तालिमको व्यवस्था मिलाईएको छ।

- कार्यविधि अनुसार सबै वडामा टोल सुधार संस्था गठन गरी विकास निर्माणका सम्पुर्ण पक्षमा सहभागिता गर्ने गराउने तथा स्वास्थ्य, शिक्षा र बातावरणीय चेतना अभिबृद्धि गरिनुका साथै वित्तीय व्यवस्थापन र सुशासन कायम गरिने छ।
- अति विपन्न, अशक्त, अपाङ्गता, एकल महिलाका लागि नक्सा पास, विद्युत, खानेपानी जस्ता दस्तुर र व्यवसाय करमा आर्थिक विधयेकमा व्यवस्था भए अनुसार कर छुट तथा सहुलियत दिने नीति लिइनेछ।
- बजार क्षेत्र र ग्रामीण क्षेत्रमा राजस्व परिचालन न्यायोचित रुपमा गरिनेछ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणको माध्यमबाट जनता प्रतिको जवाफदेहिता प्रबर्द्धन गरिनेछ।
- बेरुजु फछ्र्यौटका लागि कानुनी प्रक्रिया अगाडी बढाइनेछ।
- बेरुजु रहने अवस्थाको अन्त्य गर्नको लागि पेश्की शुन्य नीति अवलम्बलन गरिने छ।
- नगरपालिकाको सार्वजनिक जग्गा जमिनको लगत संकलन गर्ने र सार्वजनिक जग्गा जमिन अतिक्रमण गरि घर टहरा निर्माण गर्न निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।
- कार्यालयका गतिविधि बारे राष्ट्रिय पत्रिका तथा स्थानिय एफ.एम. र पत्रिका मार्फत सूचना प्रशारण गरी नागरिकलाई सूसुचित गरिनेछ।
- विकासमा विवादमुक्त वडा वनाउन स्थानिय समुहलाई सकरात्मक सोच र सकरात्मक विभेदका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।
- सुशासनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुलाई आत्मसात गरि आबश्यक कानूनहरु वनाइनेछ।
- रामेछाप नगरपालिकाको ऐन, कानुनहरुको बारेमा आवश्यकता अनुसार अभिमुखिकरण गरिनेछ।
- सार्वजनिक खरिदलाई प्रतिष्पर्धात्मक बनाउन विद्युतिय बोलपत्र विधिलाई उच्च प्राथमिकता दिईनेछ।
- सम्बन्धित क्षेत्रका समुह, संस्थाहरुलाई वित्तिय साक्षरताका कार्यक्रमहरु संचालन गरिनेछ।
- योजना अनुगमनको क्रममा आवश्यकता बमोजिम विशेषज्ञ सहितको अनुगमन प्रक्रिया समेत अपनाईनेछ।
